Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



वर्ष : ०५ / इन्द्रेणी अङ्क
सितम्बर २०२२

# सम्प्रेषण

# सम्प्रेषण

साहित्यिक सङ्कलन

वर्ष : ५ सितम्बर, २०२२ इन्द्रेणी अङ्क

– सम्पादन –

नितेश राई

रचनाका लागि धन्यवाद।

– सल्लाहकार –

श्रीमति विष्णु ठकुरी, श्री विनोद रसाइली, श्री निरङ्कर थापा, श्री प्रदीप शेर्पा, श्री बालकृष्ण थामी, श्री एल.बी. थापा, श्री अमित सुब्बा 'विकल्प', श्रीमती उर्मिला घिसिङ, श्रीमती सुभद्रा बम्जन, श्रीमती देविका मंग्राती राई, श्रीमती तारा छेत्री, श्री बी. कमल राई, श्री मिलन लामा 'रोगी', श्री बिराज थापा

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

– विशेष सहयोगी –

श्री सञ्जीव छेत्री, श्री हनोक थापा, श्री उज्जवल सेवा, श्री मन विश्व

– प्रतिनिधि –

श्रीमती द्वारिका छेत्री– खरसाङ

श्रीमती सरोजिनी देवान राई – खरसाङ

श्री विशाल सर्घाईं – दार्जिलिङ

सुश्री प्रविणा खातुन – दार्जिलिङ

सुश्री रञ्जिता राई– एभनग्रोभ चियाबारी

श्री सुशील मुखिया– सिटोङ

श्री अजय शर्मा– पंखाबारी

श्रीमती बन्दना थेबे सुब्बा – सिङ्ला

# भारतीय नेपाली बालजीवनी लेखनको स्थिति



Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai Mahavidyalaya
Bagdogra

– दिपेन तामाङ,
दार्जिलिङ महाविद्यालय।

## बालसाहित्य

विश्वसाहित्यमा 'बालसाहित्य' एउटा प्रमुख विषय रहेको छ। संसारका सबै भाषा–साहित्यका क्षेत्रमा बालसाहित्यको भूमिका सर्वोपरी रहेको हुन्छ। यसले बालकको शारीरिक, मानसिक, बौद्धिक र भावनात्मक खोराकको परिपूर्ति गर्दछ। अर्को शब्दमा, प्रत्येक समाज तथा राष्ट्रका बालकहरू नै भावी राष्ट्र निर्माणका कर्णाधार हुने हुनाले तिनीहरूका चरित्र निर्माणमा बालसाहित्यले महत्त्वपूर्ण तथा प्रभावकारी भूमिका खेल्दछ।

सामान्यतः बालसाहित्य बालककेन्द्रित भाषिक कलात्मक अभिव्यक्ति हो। यद्यपि यो लेखकीय र पाठकीय उमेरका आधारमा निर्धारित साहित्यिक भेद पनि हो।[१] यसमा बालक र ठुला व्यक्तिद्वारा लिखित साहित्य पर्ने भनिए तापनि आजसम्म ठुला व्यक्तिद्वारा बालमनोविज्ञानलाई ध्यानमा राखी लेखिएको बालक केन्द्री साहित्य नै बालसाहित्यको रूपमा अध्ययन हुँदै आएको छ।

## बालसाहित्यका विधा

आज बालसाहित्यमाथि अनेकौं अध्ययन अनुसन्धान कार्य भइरहेको छ। यस्तो अध्ययन एवम् अनुसन्धान कार्यले यसका विधा विभाजनबारे फरक–फरक धारणालाई प्रकाशमा ल्याइरहेको छ। आधुनिक साहित्यको विधा विभाजनमा देखा परेका मतैक्य झैं बालसाहित्यको विधा विभाजनमा पनि मतैक्य देखिएको छ। तथापि, बालसाहित्यको मौखिक र लिखित भेदमा भने सर्वसम्मति रहेको देखिन्छ। मौखिक बालसाहित्यअन्तर्गत बाललोकगीत, बाललोककथा, गाँउखानेकथा र लिखित

१. रामबाबु सुवेदी (सम्पा), १८।२०६६, बाल–साहित्य (बार्षिक जर्नल) (बालसाहित्यको सैद्धान्तिक स्वरूप: सङ्क्षिप्त परिचय, शारदा अधिकारी (ढकाल), नेपाल बालसाहित्य समाज, काठमाडौँ, पृ० २६